सरावल गाउँपालिका

Sarawal Rural Municipality

गाँउ कार्यपालिकाको कार्यालय

Office Of the Rural Municipality Executive

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

Sarawal, Nawalparasi (Bardghat-Susta West)

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

प.स. :- २०८३/०८४

च.न. :-

मितिः २०८३/०४/२७

# सार्वजनिक सूचना

## विषय :- भू-उपयोग क्षेत्र तथा कित्तागत वर्गीकरण सम्बन्धमा निवेदन पेश गर्ने बारे।

यस सरावल गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद्बाट प्रचलित भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ तथा सम्वन्धित मापदण्ड बमोजिम गाउँपालिका भित्रका जग्गाहरूको भू-उपयोग क्षेत्र निर्धारण तथा कित्तागत वर्गीकरण सम्बन्धी कार्य हुँदै आएको व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ।

यस गाउँपालिकाबाट तयार गरिएको भू-उपयोग नीति तथा कित्तागत भू-उपयोग वर्गीकरणलाई स्थानीय राजपत्रमा प्रकाशन गरी अन्तिम रूपमा कार्यान्वयनमा लैजाने प्रयोजनका लागि, हाल कायम रहेको भू-उपयोग वर्गीकरणमा छुट भएका, तथ्यगत रूपमा फरक परेका, वास्तविक स्थलगत अवस्था अनुसार वर्गीकरण सच्याउनुपर्ने वा प्रचलित कानून बमोजिम भू-उपयोग क्षेत्र परिवर्तन गर्न आवश्यक भएका जग्गाधनीहरूबाट अन्तिम पटक निवेदन संकलन गर्ने निर्णय भएको हुँदा सम्बन्धित जग्गाधनीहरूले देहायबमोजिम आवश्यक कागजातसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>निवेदन पेश गर्न सकिने विषयहरू :-</u>

१. हालसम्म भू-उपयोग वर्गीकरणमा छुट भएका कित्ता जग्गाहरूको वर्गीकरण कायम गर्नुपर्ने भएमा।
२. कायम भएको भू-उपयोग वर्गीकरण र वास्तविक स्थलगत अवस्थाबीच फरक परेको भएमा।
३. कृषि, आवासीय, व्यावसायिक, औद्योगिक लगायतका भू-उपयोग क्षेत्रमध्ये प्रचलित कानून तथा मापदण्ड बमोजिम वर्गीकरण परिवर्तन गर्न आवश्यक देखिएका जग्गाहरूको हकमा।
४. भू-उपयोग वर्गीकरण गर्दा अभिलेखीय वा प्राविधिक कारणले त्रुटि भएको देखिएमा।
५. एउटै क्षेत्र/परिसरका जोडिएका कित्ताहरूमा भू-उपयोग वर्गीकरण फरक कायम भएको कारण प्रचलित कानून बमोजिम वर्गीकरण एकरूप बनाउन आवश्यक भएको अवस्थामा।
६. प्रचलित भू-उपयोग ऐन, नियमावली तथा मापदण्ड बमोजिम भू-उपयोग क्षेत्र परिवर्तनका लागि आवश्यक आधार र कारण भएका अन्य जग्गाहरूको हकमा।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :-</u>

१. सम्बन्धित जग्गाधनीको निवेदन।
२. जग्गाधनी दर्ता प्रमाणपुर्जाको स्पष्ट प्रतिलिपि।

सरावल गाउँपालिका
Sarawal Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.स. :- २०८३/०८४

च.न. :-

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

४. सम्बन्धित कित्ताको हाल कायम भू-उपयोग वर्गीकरण देखिने मालपोत कार्यालयको अभिलेख/विद्युतीय विवरणको प्रतिलिपि, उपलब्ध भएमा।

५. नापी कार्यालयबाट प्राप्त नक्सा/फिल्डबुक वा सम्बन्धित प्राविधिक कागजात, आवश्यक भएमा।

६. प्रतिनिधिमार्फत निवेदन पेश गर्ने भएमा अधिकारपत्र/मञ्जुरीनामा।

७. वर्गीकरण परिवर्तनको माग गरिएको भए सोको आधार, कारण तथा वास्तविक अवस्था खुल्ने आवश्यक प्रमाण वा कागजातहरू।

८. अन्य आवश्यक तथा सम्बन्धित कागजातहरू।

<u>निवेदन पेश गर्ने अन्तिम मिति</u>

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित जग्गाधनी वा कानून बमोजिमको अधिकार प्राप्त व्यक्तिले गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

तोकिएको समयभित्र निवेदन पेश नगरेमा उपलब्ध अभिलेख, स्वीकृत भू-उपयोग नीति, कित्तागत वर्गीकरण तथा प्रचलित कानून बमोजिम स्थानीय भू-उपयोग नीति तथा कित्तागत वर्गीकरणलाई अन्तिम रूप दिई स्थानीय राजपत्रमा प्रकाशन गर्ने प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

<u>नोटः</u>- निवेदन प्राप्त भएपछि आवश्यकता अनुसार सम्बन्धित अभिलेख अध्ययन, स्थलगत निरीक्षण तथा प्राविधिक जाँच गरी प्रचलित कानूनबमोजिम स्थानीय भू-उपयोग परिषद्बाट आवश्यक निर्णय/सिफारिस गरिनेछ।

थप जानकारीका लागिः-
सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (ब.सु.प.)
सम्पर्क नं.:- ९८५७०४६२६६,(९८६७७१७१८१-अमिन)

..............................
(श्रीप्रसाद गौतम)
प्रमुख प्रशासकिय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत